मधेश प्रदेश सरकार
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

गौर, रौतहट

Email: dadorautahat@gmail.com
Website: akcrautahat.p2.gov.np
Phone: 055-520001, 055-521519
FB: facebook.com/ akc.rautahat

पत्र संख्या : ०८०/०८१
च.नं. :

मिति : २०८०।०९।१७

## खामबन्दी प्रस्ताव आवह्यान सम्बन्धी सुचना ।

प्रथम पटक प्रकाशित मितिः २०८०/०९/१७

यस कृषि ज्ञान केन्द्र गौर, रौतहटको आ.व.२०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमका कार्यक्रम संचालन गर्न योग्य इच्छुक कृषि व्यवसायमा संलग्न उद्यमि/कृषक समुह/कृषि सहकारी/कृषि फर्म/कृषि उद्योग/कम्पनी/संघ संस्थाहरु बाट सहकार्यमा प्रस्तावमा आधारीत कार्यक्रम संचालनको लागि तोकिएको ढाँचामा माग गरिएका कागजातहरु संलग्न राखी २०८०/१०/०८ गते सम्म कार्यालय समय भित्र यस केन्द्रमा खामबन्दी प्रस्ताव पेश गर्नका लागि यो सार्वजनिक सुचना आवह्रान गरिएको छ । यो कार्यक्रम कृषि क्षेत्रमा अनुदान परिचालन (पहिलो संशोधन) कार्यविधी २०७७ मा कृयाकलाप अनुसार तोकिएको अनुदान सिमा भित्र रही संचालन हुनेछ । यो कार्यक्रम संग सम्बन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहने छ । यस सम्बन्धमा थप जानकारी मो. नं. ०५५-५२०००१ बाट र आवेदन पत्रको ढांचा यस कृषि ज्ञान केन्द्रको वेभसाईट akcrautahat.p2.gov.np बाट प्राप्त गर्न सकिन्छ ।

तपसिल

| क्र.स. | कार्यक्रमको नाम | इकाई | परीमाण | बजेट (रु. लाखमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रस्तावमा आधारित व्यवसायिक कृषि विकास कार्यक्रम | पटक | १ | ३९.१ | |

**प्रस्ताव साथ पेश गर्नु पर्ने आवश्यक विवरण तथा कागजातहरु:**

१. कृषि ज्ञान केन्द्रले तोकिएको ढाँचामा रु. १० को हुलाक टिकट टांस गरिएको परियोजना प्रस्ताव फारम ।
२. कृषि व्यवसायमा संलग्न कृषक समुह/कृषि सहकारी/कृषि फर्म/कृषि उद्योग/कम्पनी/संघ संस्थाहरुको हकमा दर्ता प्रमाण पत्रको प्रतिलिपी, आ.व. २०७९/८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा प्रमाण पत्र प्रतिलिपी, संम्बन्धीत संस्थको प्रस्ताव पेश गर्ने सम्बन्धी निर्णय ।
३. सम्बन्धित संस्थको प्रस्ताव पेश गर्न अख्तियारी प्राप्त प्रतिनिधिको नागरिकता प्रमाण पत्रको प्रतिलिपी र अख्तियारी पत्र ।
४. सम्वन्धीत स्थानिय तह र कृषि शाखाको आयोजना संचालन सम्बन्धी सिफारीस पत्र ।
५. परियोजना स्थलको नक्सा, कलर फोटो र GPS code समेत ।
६. मांग गरेको योजनाको लागत इस्टिमेट, कार्ययोजना, श्रोत सुनिश्चितता र आफ्नो लगानी अनुपातको प्रतिवद्धता पत्र ।
७. समान प्रकृतिको कार्यको लागि यस निकाय वा अन्य कुनै निकायबाट यस वर्ष वा गत वर्षमा अनुदान नलिएको स्व-घोषणा पत्र ।
८. प्रस्ताव गरेको आयोजना संग सम्वन्धित आवश्य अन्य विशेष कागजातहरु तथा पुष्ट्याई समेत पेश गर्नु पर्नेछ ।

नोट:

१. यस कार्यक्रम अन्तर्गत स्वीकृत बजेट र कार्यक्रम संचालन कार्यविधी परिमार्जन/संशोधन भए अनुसार थपघट हुनेछ ।
२. आर्थिक क्षमता नदेखिएका प्रस्तावहरु स्वतः रद्द हुनेछ तथा बढी लागत सहभागिता भएको प्रस्तावहरुलाई ग्राहिता दिइनेछ ।
३. रित बमोजिमको प्रस्तावहरु मात्र छनौट गरी स्थलगत निरीक्षण गरिने छ।
४. आवश्यक थप कागजातहरु मांग गरेमा पेश गर्नु पर्ने छ । ती कागजातहरु बुझाउन नसके छनौट/सम्झौता गरिने छैन ।
५. रित नपुगेको वा तोकिएको समय भित्र दर्ता नभएको प्रस्तावहरु स्वतः रद्द हुनेछ ।

.................

नि. कार्यालय प्रमुख